# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ५ जेठ २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- ५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १८:२७ बजे प्रारम्भ भयो ।

(१८:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई आज सम्वत् २०८० साल जेठ ५ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्न अनुमति दिन्छु ।

(१८:२९ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सभाको संयुक्त बैठकलाई आज सम्वत् २०८० साल जेठ ५ गते शुक्रबार अपराह्न ४:०० बजे गर्नुभएको सम्बोधनको प्रति राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (१) बमोजिम टेबुल गर्दछु । धन्यवाद ।

(१८:३० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

(१८:३१ बजे) **<u>माननीय श्री गोपी बहादुर आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (२) बमोजिम निम्नलिखित धन्यवादको प्रस्ताव पेस गर्दछु ।

धन्यवादको प्रस्ताव

सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सभाको संयुक्त बैठकलाई आज सम्वत् २०८० साल जेठ ५ गते शुक्रबार अपराह्न ४:०० बजे गर्नुभएको सम्बोधनका लागि राष्ट्रिय सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ । धन्यवाद ।

(१८:३१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्य भैरव सुन्दर श्रेष्ठलाई उक्त धन्यवादको प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

(१८:३१ बजे) **<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सभाको संयुक्त बैठकलाई आज सम्वत् २०८० साल जेठ ५ गते शुक्रबार अपराह्न ४:०० बजे गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यबाद ज्ञापन गर्न माननीय गोपी बहादुर सार्की आछामीले राख्नुभएको धन्यवादको प्रस्तावलाई म समर्थन गर्दछु । धन्यवाद ।

(१८:३२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई आज २०८० साल जेठ ५ गते शुक्रबार अपराह्न ४:०० बजे गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यबाद ज्ञापन गर्न माननीय सदस्य गोपी बहादुर सार्की आछामीले राख्नुभएको धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उक्त धन्यवादको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न मिति २०८० जेठ ७, ८ र ९ गतेका दिनहरू र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि मिति २०८० जेठ ९ गतेको दिन निर्धारण गरेको बेहोरा जनाकारी गराउँदछु ।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि हुने छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा एक दिन अगावै कार्यव्यवस्था शाखा, राष्ट्रिय सभामा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । साथै नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि संशोधनको सूचना २०८० जेठ ७ गते विहान ११:०० बजे भित्र कार्यव्यवस्था शाखा, राष्ट्रिय सभामा दिन सकिने र संशोधनको सूचना फाराम पनि सोही शाखाबाट उपलब्ध हुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ ७ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ ७ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १८ः३४ बजे ।**